प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

**गण्डकी प्रदेशको शैक्षिक अनुसन्धान सहयोग सम्बन्धी सूचना**

दोस्रो पटक सूचना प्रकाशन भएको मितिः२०७७/१०/१३ गते

सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश पोखराको आ.व. २०७७/०७८ को वार्षिक विकास कार्यक्रम अनुसार सरकार र विद्वत वर्गहरुको सुसम्बन्ध कायम गर्न विभिन्न विश्वविद्यालय र क्याम्पसहरुमा अध्ययरत प्रदेशभित्र स्थायी बसोबास गर्ने उच्च शिक्षा अध्ययनरत दलित, अपाङ्ग तथा गरीब विद्यार्थीहरुलाई सामाजिक विकास मन्त्रालयबाट सञ्चालन हुने शिक्षा सम्बन्धि स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड, २०७७ को अनुसुची-१ मा तोकिएका क्षेत्रहरुसँग सम्बन्धित रहेर अध्ययन अनुसन्धान गर्न उच्च शिक्षाको स्नातकोत्तर तहमा अध्ययन गर्ने विद्यार्थीहरुलाई प्रोत्साहित गर्दै उनीहरुलाई अध्ययन तथा खोजमूलक अनुसन्धानमा संलग्न गराउने मन्त्रालयको नीति अनुरुप तोकिएको ढाँचामा सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपसिल बमोजिमका कागजातहरु सहित प्रस्ताव पेश गर्न सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरुः**

- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी,
- मानविकी, स्वास्थ्य, शिक्षा र विज्ञानमा स्नातकोत्तर अध्ययन गरिरहेको भनि सम्बन्धित विश्वविद्यालय वा क्याम्पसको सिफारिस पत्र,
- सम्बन्धित विषय विज्ञले शोधपत्र निर्देशन गर्ने प्रतिबद्धता गरेको पत्र,
- सामाजिक विकास मन्त्रालयबाट सञ्चालन हुने शिक्षा सम्बन्धि स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड, २०७७ को अनुसुची -२ बजोजिमको ढाँचामा तयार गरेको प्रस्तावपत्र,
- दलित तथा अल्पसंख्यक विद्यार्थीले दलित तथा अल्पसंख्यक विद्यार्थी खुल्ने प्रमाण पेश गर्नुपर्ने तथा गरिब भएमा सम्बन्धित स्थानीय तहको गरिब हो भनी खुलेको पत्र ।

**अनुसन्धानका क्षेत्रहरुः** सामाजिक विकास मन्त्रालयबाट सञ्चालन हुने शिक्षा सम्बन्धि स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड, २०७७ को अनुसुची-१ बमोजिम हुने ।

नोटः अनुसन्धानका क्षेत्रहरु, प्रस्तावपत्रको ढाँचा, मूल्याङ्कनका आधारहरु मन्त्रालयको वेवसाइट www.mosd.gandaki.gov.np बाट प्राप्त गर्न सकिनेछ । प्रस्तावपत्र मन्त्रालयको इमेल ठेगाना mosdgedu@gmail.com मा समेत पठाउन सकिनेछ ।

उप-सचिव